# दुःखको गणित

*शरद् क्षेत्री*

समय जो सधैं भाग्दै गरेको छ, तर पनि कहिलेकाहीं त्यो कुनै एउटा बिन्दुमा ठिङ्ग उभिएको जस्तो भइदिन्छ ! त्यसमा मैले कुन तहको स्थिरतालाई स्वीकार्ने । स्तब्धताको भ्रान्ति मात्रै हो त्यो, तर खण्डन कसरी गर्ने ?

बिलकुल असहाय म,

गतिरुद्धजस्तो, आफ्नो सम्पूर्ण तरलता रोकिएको ठान्दै, एकै बिन्दुमा उभिएर, समयको त्यो स्तब्ध भएको जस्तो भ्रान्तिलाई पनि अर्दोष हेरिदिन्छु ! तब, कुनै गहिरो अन्धकार खाडलमा लाग्छ अस्मिता आफ्नो ॅ!

अजिङ्गरको पेटभित्र पसेझैं त्यस्ता गहिरा खाडलभित्र शोषण खप्दै किन रहन्छौं सो समाधाननै नहुने तर कठोर प्रश्न हो । सम्भवतः मृत्युशैयामा छट्पटाउँदैको समयमा सर्दार बूढोले ओंठमा टाँसेको अस्पष्ट सोधनी पनि त्यस्तै खाडलसित नै सम्बन्धित होलान् !

धनाढ्य सर्दार, नाम रत्नप्रकाश । उमेर, पचहत्तर पछिल्तिर कतै ।

तिनको नामको रत्नसित प्रकाशसमेत जोड्नुमा पूर्वजको कुनै लक्ष्य थियो भन्नु समय रोकिएको ठान्नु, झैं होला । तर समय रोकिएन भन्ने मर्यादा राख्दा तिनको परिचय हुन्छ, -'तिनी निरन्तर आफूमा प्रकाश जोड्दै उक्लिएका सङ्घर्षशील र स्वनिर्मित रत्नप्रकाश ॅ!

तर, खाडलको अँध्यारोमा तिनको त्यो प्रकाश पनि काम लागेन ।

प्रकाशको धक्कामा अँध्यारोको केही पत्र उप्किएको खसेको भान पर्दछ तर, त्यसभित्रको अर्को पत्र अझ नबुझिने गाढा कालोमा हुन्छ !

सर्दार बूढो त्यस्तै कुनै जटिल पत्रमाझ छट्पटाउँदो हुनुपर्छ, त्यहाँ, मृत्युशैयामा ॅ!

जे होस्, दृश्य कारुणिक छ ।

पिताको गह्रुङ्गो बन्दै गएको गोडो नजिकै न छोरो पृथु उभिएको छ । आत्तिएको जस्तो हुनाले, त्यसले मेरो आँखा भरि प्रश्नैप्रश्न देखेछ ! र, त्यसले आफूलाई विद्रोही भन्ने साबिती गर्न चर्को स्वरमा झोक्किएर पिताको आलोचना गरिहाल्यो, -"कस्तो बूढो !ँ मरणासन्न अवस्थामा कुनै ईश्वरको नाम नलिएर व्यर्थै लिखुरेको नाम लिएको !ँ"

"लिखुरे !" छक्कै पर्ने नाम लागेथ्यो अर्थान्यासमा मलाई ।

"हँ ! एउटा खसीको नाम हो, त्यो ।" पृथुले नाक पुछ्दै भन्यो ॅ।

पृथुको जवाफले अकस्मात् कुनै अन्यौलको ठूलो पर्वत, उठेझैं बन्यो ! म आफ्नो सभ्यता जाहेर गर्न चाहन्थे, दुःखबाट ।ँसंसारमा मानिसले युगौंदेखि नै दुःखको कारण के हो भन्नेकुरा खोजिरहेका हुन् । त्यसरी दुःखको प्रश्नबाट नै सभ्यताको आरम्भ भएकोहुनुपर्छ । सभ्यताको उचित समयको नर्धारिण गर्दा पनि दुःखको कारण जान्न खोज्ने भगवान् बुद्धको समयसम्म त कमसेकम पुग्नैपर्छ । तर, साँचो सभ्यता मान्छेमा रोप्ने आदिपुरुष गौतम बुद्धलाई सम्बोधन गर्न खोज्दा त्यस स्थितिमा अनायासै मेरो कण्ठनलीमाझ कुनै अड्कुसे फसेको भ्रान्ति भयो ॅ!

- कस्तो माया यो ! खसी मोटाएको हुनैपर्छ भन्ने लिँडे-ढिपी सर्दारको !

हिजोमात्रै जरोले निस्लोट छँदा धताएका पनि थिए अरे,-"अँ, अब त,सायद तीस किलो, नभए पनि, सत्ताइस-अट्ठाइस,तर,तर, पच्चीस-भन्दा कम त हुनै सक्दैन,ओह ! त्यसले कतै धोका दिने त होइन ?"

पृथुले त्यो कुरो आँखा चिम्लेर सुनाएको थियो ।

- धनाढ्य सर्दारलाई मृत्युशैयामा पनि त्यस्तो कस्तो मोह खसीको ओजनको !

मनमनै खसीलाई सम्झें । एकेक किलो गरी खसीको मासुको थुप्रो भाग पारेको कल्पना गर्दै, एकै ठाउँमा तीसवटा त्यस्ता भागहरू संयुक्त पारेपछि, त्यो योग नै सर्दारको 'लिखुरेँको भन्ने भ्रान्तिलाई रमाइलोमा राखे र, घाम लागेको पनि होस् है भन्ने कामना गर्दै त्यस बिम्बमा दुःखको कारण राख्ने अङ्कहरू खेल्ने पेचिलो उत्साह लिए !

त्यस्तोमा मैले मृत्युशैयाको शरीरलाई राम्ररी हेरें । देखिएको त्यो नमूनामा लम्पसार शरीर सर्दार बूढोकै थियो । जसलाई पृथुले आफ्नै पिता भनेर विनिर्देश गर्न अनेकौं प्रसङ्ग मलाई सुनाइरहेथ्यो !

एकैथरीको आत्मा गाँसिएको कुनै दिव्य मालाबाट चुँढिएर त्यस 'आत्मारुपी- शक्तिँ हामी तीनै व्यक्तिमा त्यहाँ पसेको छ भने पनि, शरीरको विभेदले हामी बेग्लाबेग्लै गतिमा छौं भन्ने विश्वास गर्नमा मलाई केही समय लाग्यो ।

तर, भ्रान्ति जस्तोसुकै भए नि, त्यस कोठाभित्र मृत्युशैयाको व्यक्तिभन्दा अर्कै पात्र नै थिएँ । पृथु, पनि चञ्चल आँखाले त्यहाँ केही खोज्दैथ्यो । सर्दार प्रतिरूपक भने त्यस्तै ओंठहरू कम्पित पार्दै छटपटाइरहेकै थियो ।

दृश्यमा करुणा छ । तर, पृथु त्यसको निम्ति सम्पूर्णतौरमा तयार छैन । हाँस्न खोजेजस्तो अनुहारलाई त्यस स्थितिमा कसरी समन्वित पार्ने भन्ने उपाय खोज्दो छ फेरि, अन्तिम भाषणले ठूलो उत्पात मचाउने अभिप्रायमा सर्दार बूढो पनि विस्फोटक आवाजको कामना गर्दोछ ! त, उसको वाक्शक्ति खोसिएको छ, त्यहाँ ! जाबो खसीको मासुको ओजनले त्यस स्थितिलाई त्यसरी जटिल पारेको छ, औधी जटिल पारेको छ !

तब, के दुःखको अङ्कगणितमा मात्रै मानिसको जीवनमूल्य समीक्षित छ !

विषेही पृथु कराएर भन्न चाहन्थ्यो, -"कस्तो सानो चित्त ! पिताजीलाई केको कमी छ र ! अरे ! त्यो लिखुरेको मासु दश किलो मात्रै भए पनि तिनलाई के फरक पर्छ र ?"

मैले भनें, -"भाइ ! असभ्य नबन ! कसैलाई पनि मस्तिष्कमा आघात पार्ने कुरो गर्नु सरासर असभ्यता हो ।"

"फेरि दुःखको गणित ?" पृथु रिसायो ।

"शाश्वत छ दुःख ।" मैले नरम स्वरमा भनें ।

"अहो ! परिष्कृत भएन कतै पनि त्यो ! यस कोल्टोमा पनि दुःख, अर्को कोल्टोमा पनि दुःख !" छट्पटाइरहेको मरणासन्न पितालाई देखाउँदै पृथुले भन्यो ।

"प्राण त्याग गर्नु मुस्किल पर्दछ !" आफू पनि पछिको कुनै दिनमा मृत्युशैया माझ यस्तैगरी छट्पटाउनु पर्ला भन्ने भय जाग्नाले मेरो आवाज कम्पित थियो ।

"खसी किनेर ल्याएपछि नै पिताजीको स्वास्थ्य खस्किँदै गएको हो । रातदिन खसीको स्याहार-सुसार ! घाँस काट्नु आफै, चारो खुवाउनु पनि आफै ! सबै-सबै आफै !" पृथु आँखा चिम्मा पारेर बोलिरहेथ्यो ।

तब, अकस्मात, पिताजीको ओंठबाट अस्पष्ट ध्वनिसित मिसिएर एउटा शब्द बुझ्ने गरी फुत्कियो, -"खँसीँ"

पिताजीको मुखबाट त्यो शब्द सुन्नेबित्तिकै पृथुले दाह्रा किट्दै भन्यो, -"फेरि खसी भन्दै पुकारेको सुन्यौ ! कस्तो बूढो ! लोभले गर्दा प्राण त्याग्नै नसकेको !"

सर्दार बूढो हात नचाउँदै केही भन्ने प्रयत्नमा थियो, तर, स्वरहरू छातीमाझ नै गाँठो पर्नाले उसलाई ऐठन पारेजस्तो भइरहेको थियो । तब, मैले तिनको हात समातेर भनें "पिताजी ! सुर्ता मान्नु पर्दैन । खसी औधी मोटाएको छ । कुनै नोक्सानी खप्नु पर्दैन । पृथुले त्यसको स्याहारसुसार राम्ररी नै गर्दैछ ।"

- मेरो त्यो सान्त्वनाले पनि सर्दारको छट्पटीमा कुनै कमी आएन ! त्यसपछि पनि, तिनी ओंठ कम्पित पार्दै केही भन्ने प्रयत्नमा सङ्घर्षशील देखिन्थे ।

पृथुलाई त्यसले असह्य पार्‍यो ! र, झनक्कैसित रिसाएर कोठाबाट हानिएर बाहिरतिर गयो ।

सर्दार बूढो त्यहाँ त्यसरी नै छट्पट् गरिरहेको हुनाले मैले पृथुको पछिपछि, भाग्ने कठोर असभ्यता अनुकरण गर्नै सकिनँ । एकक्षण के गर्ने, कसो गर्ने, भन्ने अन्योलमा बिताएपछि समयान्तरमा त्यस घरको प्राङ्गणमा फेरि पृथुको स्वर सुनियो ।

कोठाभित्रबाटै सहजैसित बुझ्न सकिन्थ्यो, पृथुको क्रोध अझै शान्त बनेको थिएन !

त्यसरी, केहीसमयपछि सर्दार बूढो लम्पसार परेको कोठाभित्रपस्दा पृथु एक्लै थिएन ! साथमा तीनजना अरू पनि थिए । त्यस मञ्चमा खुकुरी, अचानो, ढक-तराजुसहित लिखुरेलाई पनि ल्याइएको थियो !

हेर्दाहेर्दै, त्यहीं कोठाभित्रै, मरणोन्मुख सर्दार बूढोको अघिल्तिरै, लिखुरेको गर्धन धारिलो खुकुरीले चट्ट छिनाइयो ! कुनै विलम्ब नै नगरी पानी भकभकती उमालेर त्यसलाई रौं-मुक्त पारियो ।

त्यसपछि, हतारमा काटिएको खसीको मासुलाई चोक्टा-चोक्टा पार्दै प्रति किलो गरी ओजनमा भागहरू लगाउने काम थाल्दा-थाल्दै त्यहाँ ग्राहकहरूको भीड पनि अनुमान गरेभन्दा, ठूलो देखियो ! -र, त्यस भीडभाडको दृश्यले गर्दा सर्दार बूढोको अनुहार एकाएक उज्यालो बनिएको झैं लाग्दैथ्यो !

त्यसरी केही समयभित्रमा नै लिखुरेको मासु सबै बिक्री भइसकेको थियो । पृथुले पिताजीको दृष्टिमा सोझै पर्ने गरी रुपियाँ गन्दै नजिकै उभिने पट्ठोलाई चर्को स्वरमा भन्यो, -"बुझिस् गैंडे ! लिखुरेको मासु सबै मिलाएर तेत्तीस किलो टक्कै पुग्यो !"

खुबै चतुरतापूर्वक पृथुले त्यो झूटो घोषणा त्यसरी चर्को स्वरमा गरेको थियो, तर सर्दार बूढोलाई भने त्यसले कुनै ठूलो जुवामा जितेझैं जोस जगाएको थियो ! । र, जुरुक्कै उठेर नाचौंलाझैंको भ्रान्तिमा, सम्पूर्ण शक्तिलाई विस्पोटितपार्न खोज्दा, सबै भताभुङ्ग भएर, सर्दार बूढोको मुखबाट एउटै ध्वनि मात्रै फुत्कियो, - "हँ !"

- कसरी बुझ्ने, तिनको त्यो शेषध्वनिमा हर्षको भाव ज्यादा थियो कि आश्चर्यको ! त्यसपछिको निष्प्राण शरीरमा पुगेर मात्रै दुःखको गणित स्तब्ध गरेको आभास भर्न त्यस दृश्यमा उपस्थित रहेका सबैमा नै गहिरोसित छाएको थियो !

त्यसपछि, सर्दार रत्नप्रकाशको लास पलङ्गबाट उतारेर जमिनमा राखियो । गाउँलेहरू अन्तिम श्रद्धा अर्पण गर्न आउँदै थिए । ँ प्रायः सबैको नै टिप्पणी थियो, -"जे नै भए पनि, बूढो धर्मात्मा रहेछ ! प्राण मुखबाट गएछ !